च.नं. १२६१

# लहान नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
प्रदेश नं. २, नेपाल

**लहान नगरपालिका क्षेत्र भित्रको बलान खोलाबाट पुरुवा माटो तथा पुरुवा बालुवा विक्रीकर संकलन गर्ने सम्वन्धि ठेक्का बन्दोबस्तको शिलवन्दी वोलपत्र आह्वानको सूचना (तेश्रो पटक)**

**प्रकाशित मितिः २०७५।०७।०९ गते।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ वमोजिम यस लहान नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको बलान खोलाबाट निष्कासन हुने पुरुवा बालुवा तथा माटोको जिल्ला समन्वय समिति, सिरहाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार यस आ.व.मा निस्कन सक्ने परिमाण मध्येबाट २०७५ कार्तिक १७ गते देखि २०७६ जेष्ठ मसान्तसम्मको अवधिको लागि हुन आउने परिमाणको पुरुवा माटो तथा पुरुवा बालुवा समेतको विक्रीकर उठाउन नगर स्तरीय राजस्व परामर्श समितिको सिफारिश र नगरपालिकाको निर्णय अनुसार निम्न दररेट भन्दा कम नहुने गरी तपसिलमा उल्लेखित शर्तहरु पालना हुने गरी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा २०७३।०७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु समेत राखी आफुले कबोल गरेको रकम अंक र अक्षरमा फरक नपर्ने गरी उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ७औं दिन भित्र बोलपत्र फाराम खरिद गरी ८औं दिनको १२:०० बजेसम्म शिलवन्दी वोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

**तपसिल**

| ठे.नं. | ठेक्काको किसिम | वार्षिक उठाउने पाउने परिमाण (घन फिट ) | दर रेट | न्यूनतम ठेक्का अंक (तोकिएको अवधिको) | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| २।०७५।०७६ ( नदिजन्य पदार्थ) | लहान नगरपालिका क्षेत्र भित्र पर्ने बलान खोला/ नदिबाट निस्कन सक्ने पुरुवा माटो तथा पुरुवाको विक्री कर ( बलान पुल देखि उत्तर र दक्षिण ५०० मिटर छाडी उत्खन्न तथा संकलन तथा व्यवस्थापन हुने) | ३०,६०० घ.मी. (१०,७९,५६८ क्यु.पिट मध्ये ७८५,००० क्यु.फिट) | रु. ३५।६४ (प्रति घन मिटर) रु. १।०१ प्रति क्यु.फिट | रु.७,९२,८५०।- ( मू.अ.कर, आयकर तथा दुर्गापुजा शुल्क बाहेक) | ३,०००।०० | २०७५ कार्तिक १७ देखि २०७६ जेष्ठ मसान्त अवधिको |

**शर्तहरु**

- विक्रीकर सम्झौता भएको मिति देखि २०७६ जेष्ठ मसान्तसम्म संकलन गर्न सकिने छ।
- वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ र खरिद भएका वोलपत्रहरु ८ औं दिन दिनको १२:०० वजे सम्म कार्यालयमा दर्ता गर्न सक्नेछ।
- वोलपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमशः अन्तिम दिन र सोही समयलाई मानिनेछ।
- प्राप्त हुन आएको वोलपत्रहरु ८ औं दिन दिनको २:०० वजे यस कार्यालयमा प्रतिनिधिहरु र वोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्ने काममा कुनै बाधा हुने छैन।
- बोलपत्र दाताले दर्ता गर्दा आफुले कवोल गरेको अंकको नेपाली नागरिक वा फर्म भएमा ५ प्रतिशत र विदेशी नागरिक वा फर्म भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि. लहानमा रहेको धरौटी खाता नं. ०३६०३००००००००३०००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ।
- ठेक्का सम्झौता भई सकेपछि वन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफी दिईने छैन।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

- कबोल अंकको ५० प्रतिशत सम्झौता गर्दाका बखत र बाँकी रकमको बैंक ग्यारेन्टी वा धनजमानी राखी चैत्र १५ गते भित्र बाँकी सबै रकम बुझाउनु पर्ने छ। तर सम्झौताको समयमा ठेक्का अनुसारको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्मको रकम छुट दिन सकिनेछ।
- नदी वा खोलामा उत्खन्न वा संकलन गर्न हेवी इक्युपमेन्टको प्रयोग गर्न पाईने छैन।
- पुरुवा माटो तथा पुरुवा वालुवा विक्री र निजी जग्गा तथा निकासीको हकमा नजिकमा पर्ने खोला, नाला, प्राकृतिक धारा किनारा, घाटपुल, पुलेसा, लोकमार्ग जस्ता सार्वजानिक स्थललाई क्षति नपुग्ने गरी फोहोर मैला व्यवस्थापन केन्द्रदेखि वलान पुलसम्म अर्थात खुट्टी र वलानको दोभानदेखि वलान पुलको ५०० मिटर दक्षिण छोडेर मात्र पुरुवा माटो तथा पुरुवा वालुवा उठाउन पाईनेछ। नगरपालिकाकाले नउठाउने भनि तय गरेको कुनै स्थानबाट उठाउन पाइने छैन।
- वन क्षेत्रबाट पुरुवा माटो तथा पुरुवा वालुवा उत्खन्न गर्न पाईने छैन।
- बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रपत्रिकामा सूचना प्रकाशन गरेको वा घरदैलोमा टाँस भएको मितिले ७ दिन भित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी नियमानुसार अन्य वोलपत्र स्वीकृती गर्ने वा पुनः बोलपत्र आह्वान गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।
- ठेक्का स्वीकृत भए पश्चात कबोल रकमको नियमानुसार १३ प्रतिशत मू.अ.कर र नियमानुसार लाग्ने अन्य रकम एवं दुर्गा पुजा वापत १.५ प्रतिशत र आयकर वापत १.५ प्रतिशत रकम ठेकेदारले नगरपालिका कार्यालयमा दाखिला गनुपर्नेछ।
- नेपाल सरकार, सम्मानित अदालत, जिल्ला अनुगमन समिति तथा नगरपालिकाले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।
- ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।
- लहान नगरपालिकालाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति, फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका ब्यक्ति वा प्रतिनिधिहरु संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाएसम्म वोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन।
- बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।
- यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।
- ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जनकारी हुने र वोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईने छ।
- विक्रीकर ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार लहान नगरपालिकामा निहित रहने छ। यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।
- यस विषयमा थप जानकारी आवश्यक परेमा यस कार्यालयको ०३३५६०१३८ वा ९८४२८२४११० मा सम्पर्क राख्न हुन अनुरोध छ।
-

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner